# नेपाल-संस्कृत-विश्वविद्यालय
# परीक्षा-नियन्त्रण-कार्यालयको
# परीक्षा आवेदन प्रपत्र (फाराम)
# भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी दाङद्वारा वि.सं. २०८० सालमा सञ्चालन गरिने उत्तरमध्यमा/विज्ञान उत्तरमध्यमा (प्रथम तथा द्वितीय खण्ड), शास्त्री (प्रथम, द्वितीय र तृतीय खण्ड), एकवर्षे शिक्षाशास्त्री र आचार्य (प्रथम तथा द्वितीय खण्ड) वि.सं. २०५५ सालयताका सैद्धान्तिक, प्रयोगात्मक (अभ्यास शिक्षण र शोधलेखन) समेतको **विशेष मौका** परीक्षा आवेदन फाराम खुला गरिएको हुँदा नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०८०।०२।३२ गतेसम्म आ-आफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा-नियन्त्रण-कार्यालय दाङ, ने.सं.वि.अन्तर्गतका आङ्गिक र सम्वन्धनप्राप्त सबै विद्यापीठहरूबाट प्राप्त गर्न सकिनेछ।

**१. परीक्षा शुल्कहरू :-**

**उत्तरमध्यमा (विज्ञान समेत), शास्त्री तथा आचार्य तहका लागि**

| तह | नियमित प्रतिपत्र आंशिक | स्वतन्त्र प्रतिपत्र आंशिक | फर्म शुल्क | केन्द्र शुल्क |
|---|---|---|---|---|
| **उत्तरमध्यमा** | ३० | ४० | २० | १५० |
| **विज्ञान उत्तरमध्यमा** | १५० | - | १०० | १५० |
| **शास्त्री** | ४० | ७५ | ५० | १५० |
| **आचार्य** | ७० | १०० | ५० | १५० |

**एकवर्षे शिक्षाशास्त्री (One Year B.Ed.) का लागि**

| तह | नियमित प्रतिपत्र आंशिक | शिक्षण अभ्यास आवेदन शुल्क | अंग्रेजी समूहका लागि प्रयोगात्मक परीक्षा शुल्क | फाराम शुल्क | केन्द्र शुल्क |
|---|---|---|---|---|---|
| वी.एड. | २०० | २०० | १००० | १५० | १५० |

**१. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-**

परीक्षा-शुल्क रा.बा.बैंक शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०१००००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भउचर संलग्न गरी पठाउनुपर्नेछ।

**२. परीक्षा आवेदन प्रपत्र (फर्म) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-**

(क) परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) खण्डशः बेग्लाबेग्लै भर्नुपर्नेछ।

(ख) **परीक्षार्थीहरूले तह प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्यरूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्यरूपमा पठाउनुपर्नेछ।**

(ग) उपर्युक्त बमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा पञ्जीकरण प्रपत्र (दर्ता फाराम) नभरेमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुनेछन्।

परीक्षा-नियन्त्रक

**क्रमशः**

(घ) एकवर्षे शिक्षाशास्त्रीका लागि अभ्यास शिक्षण विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीहरूले पनि यसै सूचनाअनुसारको समय सीमाभित्र परीक्षा फाराम भर्नुपर्नेछ ।

३. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनुपर्नेछ ।

४. सबै तहका परीक्षा आवेदन फारामहरू विद्यापीठले राम्रोसँग रुजु गरी खण्डशः अलग-अलग गरी परीक्षार्थीहरूको विषयगत विवरण **अंग्रेजी वर्णानुक्रमअनुसार** तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलभ्रुण्डी, दाङमा आइपुग्ने गरी पठाउनुपर्नेछ ।

५. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुनेछन् ।

६. **सबै तहको विशेष मौका परीक्षाको परीक्षा केन्द्र दाङमै हुनेछ ।**

मिति २०८० वैशाख २८ गते
बेलभ्रुण्डी, दाङ

९।१।२०८०।५
...........................
(डा. बाबुराम आचार्य)
परीक्षा नियन्त्रक
**परीक्षा-नियन्त्रक**